कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
5MXQ+5CJKohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८०/०८१ (महिला बालबालिका तथा समावेशीकरण उपशाखा)
च.नं.: ३१

## राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धि सुचना ।

मिति :२०८१।०१।१२

प्रस्तुत विषयमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम मार्फत मानव विकास सुचाङ्कमा पछाडी परेका विपन्न , एकल महिला तथा अपाङ्गता भएका महिलाहरुलाई जीविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रम संचालनको लागि दर्ता भएका महिला बहुउद्धेश्य सहकारी संस्थाहरुले जीविकोपार्जन सुधार कार्यक्रमका लागि कृषि तथा पशु पालन क्षेत्र पर्यटन क्षेत्र र गैर कृषि क्षेत्रमा काम गर्ने गरि राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड २०७७ को अनुसचि २बमोजिमको ढाँचामा प्रस्ताव तयार पारी निम्न विवरणहरु खुलाई सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस नगरपालिकाको महिला बालबालिका तथा समावेशीकरण उप शाखामा प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी पेश भएको प्रस्ताव उपर कुनै कार्वाही हुने छैन ।

**सन्चालन गर्ने कार्यक्रम :**

| क्र.स. | कार्यक्रम | लक्षित समुह | कार्यक्रम सञ्चालन रकम | कै. |
|---|---|---|---|---|
| १. | जीविकोपार्जन सुधार कार्यक्रम अन्तरगत लक्षित समुहलाई सिप विकास आयआजर्न तथा व्यवसायिक तालिम सञ्चालन गरि रोजगार स्वरोजगार सिर्जना गर्ने कार्यक्रम | मानव विकास सुचाङ्कमा पछिपरेका विपन्न एकल तथा अपाङ्गता भएका महिलाहरु । | ८,९०,०००। | |

**प्रस्तावनामा संलग्न हुन पर्ने आवश्यक कागजातहरु :**

१. प्रस्तावना पत्र (कार्यक्रमको लक्ष्य उद्धेश्य सहभागीहरुको छनौटको विधि कार्यक्रम गर्दाको शीर्षगत खर्च सहितको कुल कबोल अङ्क खुलेको हुनुपर्ने )

२.महिला सहकारी संस्था दर्ता नवीकरण गरेको तथा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

३. आ.व. २०७९।०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ,अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन

४. कोहलपुर नगरपालिकामा महिला बहुउद्धेश्य सहकारी संस्था सुचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी ।

..................
उप - शाखा प्रमुख

घटना शाह
शाखा प्रमुख

info@kohalpurmun.gov.np, wesw.section@kohalpurmun.gov.np
+९७७-०८१-५४०३७९